**१९ औ नगरसभा**

**बैठक संख्याः- २, निर्णय नं. ५**

**प्यूठान नगरपालिकाको १९ औँ नगरसभामा न्यायिक समितिका संयोजक तथा नगर उपप्रमुख देवेन्द्र वर्माद्वारा पेश गरेको तपसिलको आ.ब. २०८१/०८२ को न्यायिक समिति प्रगति प्रतिवेदन सभाबाट अनुमोदन गरियो ।**

## प्यूठान नगरपालिकाको १९ औँ नगरसभामा न्यायिक समितिका संयोजक तथा नगर उपप्रमुख देवेन्द्र वर्माद्वारा पेश गरेको आ.ब. २०८१/०८२ को न्यायिक समिति प्रगति प्रतिवेदन

सभाध्यक्षज्यू तथा नगर सभाका सदस्य ज्यूहरु ,

सभाध्यक्षज्यू तथा नगर सभाका सदस्य ज्यूहरु ,

आज म यस गरिमामय सभामा प्यूठान नगरपालिकाको न्यिायक समितिको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक प्रगति प्रतिवेदन पेश गर्दछु । न्यायिक समिति सम्बन्धमा संवैधानिक र कानूनी व्यवस्था नेपालको संविधानको धारा २१७ मा न्यायिक समिति सम्बन्धी निम्नानुसार व्यावस्था रहेको छ ।

१) कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्ने नगरपालिकाको उप – प्रमुखको संयोजकत्वमा ३ सदस्य एक न्यायिक समिति रहने छ ।

२) न्यायिक समितिमा नगर सभावाट आफु मध्येवाट निर्वाचित गरिएका २ जना सदस्यहरु रहनेछन । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ मा न्यायिक समिति सम्वन्धमा निम्नानुसार व्यवस्था रहेको छ ।

३) न्यायिक समितिलाई स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ (१) मा १३ वटा विवाद र संघीय वा प्रदेश कानूनले स्थानीय तहवाट निरुपण हुने भनी तोकिएका अन्य विवाद समेत रहेको । तेसै गरि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ (२) मा ११ वटा विवाद जसमा प्रचलित कानुन वंमोजिम मेलमिलाप हुन सक्ने व्याक्ती वादि भई दायर हुने अन्य देवानी र एक वर्ष सम्म कैद हुन सक्ने फौजदारी विवाद समेत गरि जम्मा २४ वटा विवाद रहेका ।

संवैधानिक र कानुनी व्यवस्था अनुसार प्यूठान नगरपालिकामा देहाय वंमोजिमको न्यायिक समिति गठन भएको छ । संवैधानिक र कानुनी व्यवस्था अनुसार प्यूठान नगरपालिकामा देहाय वंमोजिमको न्यायिक समिति गठन भएको छ ।

संयोजक – देवेन्द्र वर्मा

सदस्य – विकाश के.सी.

सदस्य – गायत्री रावत

प्यूठान नगरपालिका क्षेत्र भित्र हुने विभिन्न विवादहरु न्यायिक समितिमा आउनेक्रम निरन्तर बढदो छ । निशुल्क रुपमा र मेलमिलापको माध्यमबाट समस्या समाधान हुने प्यूठान नगरपालिका मार्फत समुदायमा सचेतनाका कार्यक्रमहरु सञ्चालन भए पश्चात प्यूठान नगरपालिकाको न्यायिक समितिमा उजुरी वढेको हो । नगरपालिकामा विवाद प्राप्त भएपछि कानून वमोजिमका प्रकृया पुरा गरी दर्ता पश्चात विवादका पक्षहरु लाई झिकाई छलफल गराई मेलमिलाप गराउने काम गरिएको छ चालु आर्थिक वर्ष २०८१/०८२ मा न्यायिक समितिमा ८५ (दफा ४७ (१) २३ र दफा ४७ (२) ६२) वटा विवाद प्राप्त भएकोमा जस मध्ये ५४ वटा विवाद मेलमिलापको माध्यमवाट मिलापत्र भएको ७ वटा मेलमिलाप हुन नसकेकोले जिल्ला अदालत पठाइएको छ । त्यसैगरि २४ वटा विवादमा मेलमिलाप सत्र सञ्चालनको प्रकृयामा रहेका छन । बढ्दो सहरीकरणसंगै नगरपालिकामा प्राय आउने विवादमा लैंगीक हिंसा, घर जग्गा वाहाल, परम्परागतरुपमा सार्वजनीक प्रयोग भएका स्थलहरुको व्यक्तिगत प्रयोग, लेनदेन र मानाचामल

सम्वन्धमा रहेका छन । नगरपालिकामा रहेका क्षेत्राधिकार भन्दा वाहिरका केहि विवाद आएकोमा सबै विवादमा नगर प्रमुख, वडाका जनप्रतिनिधि तथा न्यायिक समितिको सचिवालयका कर्मचारीको रोहवरमा मौखिक कानूनी प्रावधान देखाई जिल्ला अदालत र सम्वन्धित निकायमा जानको लागि सुझाव दिइएको छ ।

## १. कार्यप्रगति विवरण:

- **कुल दर्ता भएका विवादको संख्या:** आर्थिक वर्ष २०८१/८२ मा न्यायिक समितिमा जम्मा ८५ वटा विवाद दर्ता भएका छन्। जसमध्य ४७ (१) का २३ वटा विवाद छन् भने ४७ (२) का ६२ वटा विवाद रहेका छन् ।
- **मिलापत्रबाट टुंगिएका विवादको संख्या:** तीमध्ये ६१ वटा विवाद मेलमिलापको माध्यमबाट टुंगिएका छन्। ७ वटा विवाद अदालतमा पठाइएको छ भने ५४ वटा विवाद मेलमिलाप भएका छन् ।
- **न्यायिक निरुपणबाट टुंगिएका विवादको संख्या:** यस अवधिमा एउटा पनि विवाद फैसलाबाट निरुपण गरिएन । सबै मेलमिलाप प्रर्कियाबाट टुंगाइएको छ ।
- **अधुरो रहेका विवादको संख्या:** २४ वटा विवाद मेलमिलापको प्रर्क्रियामा रहेका छन् । जसमध्य १० वटा विवादको अन्तिम बसाइ बाँकी छ भने १४ वटा विवादको प्रर्क्रिया सुरु भएके छ । यि सबै विवादहरु भाद्र मसान्तसम्म टुंगिने छन् ।
- **मुख्यत**ः लेनदेन, घरेलु हिंसा, जग्गा विवाद, साँध-सिमाना, गाली बेइज्जती, कुटपिट आदि विवादहरु नगरपालिकामा दर्ता भएका छन् )
- **मेलमिलापकर्ता परिचालनको अवस्था:** नगरभित्रका ४९ जना सूचिक्रित मेलमिलापकर्तालाई परिचालन गरी मेलमिलापलाई प्राथमिकता दिइएको छ।

- **सचेतना तथा तालिम कार्यक्रमहरू:** वडा तथा समूदायतहमा न्यायिक साक्षरता, मेलमिलापकर्ता तालिम, मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरियो ।

**२. प्रमुख उपलब्धिहरू:**

- न्यायमा पहुँच अभिवृद्धि भई नगरवासीले स्थानीय स्तरबाटै न्याय प्राप्त गर्न सकेका छन्।
- मेलमिलापको माध्यमबाट विवाद समाधानमा जोड दिंदा समाजमा सामाजिक सद्भाव कायम गर्न मद्दत पुगेको छ।
- न्यायिक प्रक्रियालाई कम खर्चिलो र झन्झटमुक्त बनाइएको छ।
- न्यायिक समितिको कामप्रति जनविश्वास बढ्दै गएको छ।
- प्यूठान नगरपालिकामा लैंगीक हिंसा र घरेलु हिंसाका समस्याहरु धैरै आउन थालेपछि आपतकालीन सुरक्षाका लागि हिंसा सुरक्षा कार्यक्रम र आपतकालिन विपद जोखीम सहयोगका लागि कुनै विशेष मनोसामाजिक परामर्श सेवाको समेत सुरुवात आदि ।

**प्यूठान नगरपालिका न्यायिक समितिमा आएका १० वटै वडाका विवादहरु निम्नानुसार छन्:**

| वडा नं. | विवादको विषय | विवादको संङ्ख्या | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | दफा ४७ (१ | दफा ४७ (२) | | |
| वडा नं. १ | अर्काको वाली नोक्सानी गरेको, कुटपिट सम्वन्ध विच्छेद आदी | १ | ५ | ६ | |
| वडा नं. २ | कुलो नहर उपभोग गर्न नदिएको, लेनदेन सम्वन्ध विच्छेद आदी | ३ | ९ | १२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| वडा नं. ३ | लेनदेन,कुटपिट र गाली वेइज्यती आदी | ३ | ४ | ७ | |
| वडा नं. ४ | घर वहाल, पशुपन्छि पाल्दा लापरवाही र लेन आदी | ४ | ११ | १५ | |
| वडा नं. ५ | ज्याला मजदुरी र गाली वेइज्यती | १ | १ | २ | |
| वडा नं. ६ | ज्याला मजदुरी, सम्वन्ध विच्छेद र कुटपिट | १ | ३ | ४ | |
| वडा नं. ७ | इज्यत आमोद अनुसार खान लाउन नदिए कुटपिट र लेनदेन आदी | ४ | ६ | १० | |
| वडा नं. ८ | ज्याला मजदुरी, लेनदेन र सम्वन्ध विच्छेद आ | ३ | १२ | १५ | |
| वडा नं. ९ | वाली नोक्सानी गरेको, गाली वेइज्यती र लेन आदी | २ | ५ | ७ | |
| वडा नं. १० | वाटोको उपभोग गर्न नदिएको र लेनदेन आदी | १ | ६ | ७ | |
| | जम्मा विवाद | २३ वटा | ६२ वटा | ८५ वटा | |

बार्षिक स्विकृत कार्यक्रम अन्तर्गत विवादका पक्षहरुको अवस्थालाई मध्यनजर गरी लैंगिक हिम्सा सुरक्षा कार्यक्रम अन्तर्गत तत्काल सुरक्षा प्रवन्ध गर्न पर्ने व्यक्ति र उसको आश्रित परिवारका वालवालिकालाई समिति मार्फत निर्णय गरी खाने बस्ने तथा औषधी उपचार र यातायातको प्रवन्ध मिलाई पिडित पक्षलाई सेवा दिईएको यसै गरी मनोसामाजिक रुपमा समस्यामा रहेका लैंगीक हिंसा पिडित र घरेलु हिंसा पिडित पक्षहरु तथा जनप्रतीनिधिहरुको सिफारिसका आधारमा मनोसामाजिक सेवा प्रदान गरीएको छ। विवादको साटो मेलमिलापको बाटो भन्ने मुल नारालाई आत्मसाथ समुदाय तथा विद्यालयतहमा न्यायिक सचेतना कार्यक्रम सञ्चालन गरि समुदायतहसम्म समस्या लुकाएर नबसुन् भन्ने मनसायका साथ निरन्तर तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गरीएको छ। यसका अतिरिक्त जिल्लाको ९ वटै स्थानिय तहमा न्याय सम्पादनको कामलाई यकरुपता तथा आउने समस्यालाई समधानको बाटो खोज्न सहज होस भन्ने उध्येश्यका साथ नियमित आलोपालो जिल्ला न्यायिक समितिको घुम्ती बैठक वस्नुका साथै जिल्लाको समग्र मेलमिलापको अवस्थामा लाई समिक्षात्मक तवरबाट उत्कृष्टता प्रदान गरी मेलमिलापको भावना जाग्रित होस भन्ने हेतुले प्रत्यक बर्ष जिल्ला सम्मेलन गरिने गरेको आ.व. २०८१/०८२ मा प्यूठान नगरपालिकाले गरी उत्कृष्ठ मेलमिलाप कर्ता सम्मान समेत गरेको छ। कानूनको अनवितज्ञता क्षम्य हुदैन भन्ने कानुनी सिद्धान्तलाई सर्वोपरी ठानी गरीएका निरुपण तथा मेलमिलापका कार्यले बैधानिकता पाउन भन्ने हेतुका साथ कानूनी सेवा तथा परामर्शमा जिल्ला अदालत प्यूठानका न्यायाधिस, श्रेष्तेदार, सरकारी वकिल, मेलमिलाप परिषद, संघ तथा प्रदेशकका कानून मन्त्रालय तथा अन्य विद्यान अधिवक्ता र कानून विज्ञ सँग राँय परामर्श लिई मेलमिलाप कार्यसम्पादन लाई थप व्यवस्थित बनाउने कार्य विगतका वर्षहरुका जस्तै गरिएको छ।

न्यायिक समितिका सदस्यहरु समेत यो सेवामा अनवरत रुपमा लागेको कुरा यो गरिमामय सभामा जानकारी गराउन चाहान्छु। न्यायिक समितिको कार्यमा सहयोग गर्ने नगर प्रमुख लगाएत सम्पूर्ण नगरपालिका टिम,न्यायिक समिति सदस्यहरु, मेलमिलापकर्ताहरु तथा हामीलाई विश्वास गर्ने सम्पूर्ण नगरबासीहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**प्रस्तुतकर्ता**

देवेन्द्र वर्मा

नगर उपप्रमुख